उपप्रमुख श्री रिता कुमारी मिश्रबाट

# जनकपुरधाम उपमहानगरपालिकाको

सातौं नगरसभामा पेश भएको

आर्थिक वर्ष २०७८/०७९ को

# बजेट वक्तव्य

जनकपुरधाम उपमहानगरपालिका

जनकपुरधाम, धनुषा

प्रदेश नं.२, नेपाल

## आदरणीय नगरसभा अध्यक्षज्यू, नगरसभाका सचिवज्यू, नगरसभा सदस्यज्यूहरु,

१. आज हामीले विभिन्न लोकतान्त्रिक आन्दोलन र मधेश आन्दोलनको जगमा रही संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको अवलम्बन गरी रहेका छौं । जनताका प्रतिनिधिहरु मार्फत शासन गर्ने शासकीय व्यवस्थाको अभ्यास गर्न पाई रहेका छौं । यिनै उपलब्धिहरु हासिल गर्न आफ्नो अमूल्य जिवन उत्सर्ग गर्ने अमर शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै आन्दोलनका क्रममा घाईते हुनु भएका योद्धाहरु र अगुवा नेतृत्ववर्ग प्रति उच्च सम्मानभाव व्यक्त गर्दछु ।

२. कोभिड-१९ महामारीको दोश्रो चरणबाट समग्र मुलक नै आज प्रभावित बन्न पुगेको छ । यस उपमहानगरपालिका समेत उक्त महामारीको चपेटाबाट ग्रसित छ । आम उपमहानगरबासीको दैनिक जिवनलाई नै अस्तव्यस्त तुल्याएको छ । कोभिडको प्रकोपले धेरै नगरवासीले आफ्नो अमुल्य जिवन गुमाउन पुगेका छन् । महामारीमा जिवन गुमाउनु हुने सबैमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु । कोभिडको कारण अस्तव्यस्त जनजिवन पुनः समान्यिकरण तर्फ उन्मुख हुने विश्वास लिएको छु ।

३. प्रस्तुत सन्दर्भमा आदरणिय नगर प्रमुखज्यूबाट मिति २०७८ आसार ०९ गते आ.व. ०७८/०७९ को लागि पेश भएको वार्षिक नीति तथा कार्यक्रमलाई आधार मानी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

### आदरणीय नगरसभा अध्यक्षज्यू,

अब म चालु आर्थिक वर्षको आय व्ययको समिक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

४. यस उपमहानगरपालिकाको छैठौं नगरसभाबाट आ.व.०७७/०७८ को लागि रु. १,५९,६०,८३,२५९।१० संशोधित वार्षिक बजेट स्वीकृत भै चालु खर्च तर्फ रु. ८८,४०,८०,७३५।४० र पुंजिगत खर्च तर्फ रु.७१,२०,०२,५२३।७० विनयोजन गरिएको थियो । सो मा सामाजिक सुरक्षा भता लगायत अन्य अनुदान चालु तर्फ रु. २१,३४,७६,५५०।०० र पुंजिगत तर्फ रु. २,८८,७५,०००।०० थप गरी कुल बजेट रु. १,८३,८४,३४,८०९।१० विनियोजित भएको थियो ।

५. स्विकृत संशोधित वार्षिक बजेट अनुसार चालु आर्थिक वर्षको जेठ मसान्त सम्म चालु खर्चतर्फ विनियोजित रकम रु. ८८,४०,८०,७३५।४० मध्येबाट रु. ५६,५३,३९,३७५।६० र अन्य अनुदानबाट (सामाजिक सुरक्षा भता लगायत) रु. २१,३४,७६,५५०।०० मध्येबाट रु. १५,५७,९३,०८८।०८ गरी कुल चालु तर्फ रु. ७२,११,३२,४६३।६८ खर्च भएको छ । यसै गरी पुंजिगत तर्फ विनियोजित रकम

रु.७१,२०,०२,५२३।७० मध्येबाट रु. १६,५९,४९,७९४।५५ र अन्य अनुदानबाट (स्थानिय पुर्वाधार सडक वोर्ड लगायत) मा रु. २,८८,७५,०००।०० मध्येबाट रु. २,३३,४६,९११।०० गरी कुल पुँजिगत खर्च रु. १८,९२,९६,७०५।५५ भएको छ । जुन स्विकृत चालु खर्चको ६५.७०% र पुंजिगत खर्चको २५.५५% हुन आउंदछ र कुल खर्चको ४९.५२ % खर्च भएको छ ।

६. चालु आर्थिक वर्षको असार मसान्तसम्म आयतर्फ आन्तरिक श्रोततर्फ आन्तरिक राजश्व रु.११,११,३०,०००।०० र राजश्व बाडफांडबाट रु.२७,११,५८,६५०।४० र बैंक मौज्दात रु.३०,९४,९६,६०८।७० गरी रु.६९,१७,८५,२५९।१० तथा व्राहय श्रोततर्फ संघीय सरकारबाट रु.९६,०२,१३,०००।००, प्रदेश सरकराबाट रु.३,७३,९८,०००।०० गरी कुल रु.१,६८,९३,९६,२५९।१० प्राप्त हुने संशोधित अनुमान गरिएको थियो ।

७. चालु आर्थिक वर्षको जेठ मसान्त सम्म आन्तरिक श्रोततर्फ :आन्तरिक राजश्व रु.८,४१,०१,५४२।१६, राजश्व वाडफाँडतर्फ रु. २२,६३,७३,३५७।१९, र बैंक मौजदात रु.३०,९४,९६,६०८।७० गरी कूल रु. ६१,९९,७१,५०८।०५ र वाहय श्रोततर्फ संघीय सरकारबाट रु.६९,३४,७५,८३६।०० र प्रदेश सरकारबाट रु.९९,४९,०००।०० गरी कुल आय रु.१,३२,३३,९६,३४४।०५ प्राप्त भएको छ ।

**आदरणीय नगरसभा अध्यक्ष्यज्यू,**

८. अब म आर्थिक वर्ष २०७८/७९ को बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

(क) कोभिड-१९ को रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाई महामारीबाट जनजिवनलाई सामान्य अवस्थामा पुर्याउने ।

(ख) नगरको भौतिक पूर्वाधारको विकासलाई गति प्रदान गर्ने ।

(ग) आमनगरवासीलाई गुणस्तरिय शिक्षा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।

(घ) लैंगिक समानता, सामाजिक समावेशिकरण र सामाजिक सुरक्षा मार्फत विभेदमुक्त समाज निर्माण गर्ने ।

(ङ) रोजगारी सृजना र गरिबी न्यूनिकरणमा टेवा पुर्याउने ।

(च) पर्यटन प्रवर्द्धन गरी नगरलाई आकर्षक पर्यटनको गन्तव्यस्थल बनाउने ।

(छ) सुशासन प्रवर्द्धन र संस्थागत सबलिकरणमा जोड दिने ।

(ज) कृषि, उद्योगको विकास र उद्यमशिलताको प्रवर्द्धन गर्ने ।

(झ) स्वच्छ, सुन्दर, सरसरफाईयुक्त र हरियालीयुक्त नगरको विकास गर्ने ।

**आदरणीय नगरसभा अध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को आय तथा व्यय को अनुमान पेश गर्न अनुमति चाहन्छु

९. आर्थिक वर्ष ०७८/७९ को लागी कुल बजेट रु. १,५३,८७,६१,०००।०० बिनियोजन गरेको छु । बिनियोजित खर्चमध्ये चालुखर्च रु.९५,७५,६१,०००।०० र पुंजिगत खर्च रु. ५८,१२,००,०००।०० बिनियोजन गरेको छु । यसका अतिरिक्त बिनियोजन बजेटमा अन्य अनुदान शिर्षक अन्तर्गत सामाजिक सुरक्षा भता लगायतमा बजेट सिलिङ्ग प्राप्त नभएकोले सामाजिक सुरक्षा भता लगायतका थप शिर्षकमा विनियोजित भई आउने रकम सोही अनुसार विनियोजन हुने व्यहोरा समेत अवगत गराउँदछु ।

१०. चालु खर्च तथा पुँजिगत खर्चका शिर्षकगत कार्यक्रमहरु समावेश भएको विनियोजन विधेयक र करको दर र दायराको विवरण समावेश भएको आर्थिक विधेयकमा विस्तृत विवरण उल्लेख गरी राजश्व र व्ययको अनुमान पेश गरेको छु ।

**उल्लेखित खर्च व्यहोर्न आगामी आर्थिक वर्ष २०७८/७९ को राजश्व परिचालनका लागि देहाय अनुसारका श्रोतहरु अनुमान गरेको छु ।**

११. उल्लेखित खर्च व्यहोर्न कुल राजश्वको अनुमान रु. १,५३,८७,६१,०००।०० पेश गरेको छु । जसमध्ये आन्तिरिक श्रोतबाट रु.५७,७७,१०,०००।०० तथा वाह्य श्रोतबाट रु. ९६,१०,५१,०००।०० राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

१२. आन्तिरिक श्रोत तर्फ आन्तरिक राजश्व रु. १३,०१,००,०००।००, नेपाल सरकार राजश्व वाडफाडबाट रु. २६,६३,२४,०००।००, प्रदेश सरकार राजश्व बाडफाटबाट रु.१,५६,०८,०००।०० प्राप्त हुने अनुमान गरेको छु । यस उपमहानगरपालिकाको सञ्चित कोषमा बैंक मौज्दात रु. १६,५६,७८,०००।०० रहने अनुमान गरेको छु ।

१३. वाह्य श्रोततर्फ अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट रु. ९६,१०,५१,०००।०० राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

१४. नेपाल सरकार सशर्त अनुदानबाट रु.५२,७०,००,०००।००, नेपाल सरकार समानीकरण अनुदानबाट रु.३६,०२,००,०००।००, नेपाल सरकार विशेष अनुदानबाट रु.२,०८,००,०००।०० गरी रु.९०,८०,००,०००।०० राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

१५. प्रदेश सरकार सशर्त अनुदानबाट रु.१,५०,००,०००।००, प्रदेश सरकार विशेष अनुदानबाट रु. ७५,००,०००।००, प्रदेश सरकार समपुरक अनुदानबाट रु. ५०,००,०००।०० र प्रदेश सरकार

समानिकरण अनुदानबाट रु.२,५५,५१,०००।०० गरी रु.५,३०,५१,०००।०० राजश्व प्राप्त हुने अनुमान गरेको छु ।

उल्लेखित राजश्व र व्ययको खर्चको प्रभावकारी कार्यान्वयन मार्फत अपेक्षित उपलब्धीहरु हासिल गर्न सबैको सहकार्य आवश्यक हुन्छ । यसका लागि सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनैतिक दलहरु र यसका नेतृत्व वर्ग, कर्मचारीहरु, नीजि क्षेत्र, नागरिक समाज, संचारकर्मी ज्यूहरु र आम जनसमुदायमा हार्दिक आव्हान गर्दछु ।

**रिता कुमारी मिश्र**
**उपप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका**